# भूलसुधार

खण्ड ४९ अतिरिक्ताङ्क १५(ग+२) मिति २०५६ साउन ५ गतेको नेपाल राजपत्र भाग ३ को सर्वोच्च अदालतको सूचना नं. १ मा प्रकाशित सर्वोच्च अदालत (चौथो संशोधन) नियमावली, २०५६ को नियम ८ को १३क. को खण्ड छ. मा "सदस्य सचिव" हुनुपर्नेमा अन्यथा भएको, नियम ४० को १०४ख. मा देहायको उपनियम (४) छूट भएको, सूचना नं.३ मा प्रकाशित जिल्ला अदालत (पहिलो संशोधन) नियमावली, २०५६ को नियम १६ को ६३क. मा देहायको उपनियम (२), (३) र (४) छूट हुन गएको, सोही नियमको उपनियम (१) मा अनुसुची-१२ हुनुपर्नेमा अन्यथा भएको, ६३(ख) मा अनुसुची-११ हुनुपर्नेमा अन्यथा भएको, सोही नियमावलीको अनुसुची-११ मा "नियम ६३ (ख) सँग सम्बन्धित" हुनुपर्नेमा अन्यथा भएको तथा अनुसुची-१२ मा "नियम ६३(क) सँग सम्बन्धित" हुनुपर्नेमा अन्यथा भएकोले भूलसुधार गरिएको छ ।

सर्वोच्च अदालत चौथो संशोधन नियमावली, २०५६ को नियम ४० को १०४ख. मा छूट भएको–

"(४) कुनै व्यक्तिका नाममा तामेल गर्नुपर्ने म्याद सूचना तामेल गर्न आवश्यकता अनुसार पक्षको सहयोग लिन सकिनेछ र यसरी सहयोग मागेमा म्याद तामेलीमा आवश्यक सहयोग पुऱ्याउनु सम्बन्धित पक्षको कर्तव्य हुनेछ ।"

जिल्ला अदालत पहिलो संशोधन नियम, २०५६ को नियम १६ को ६३ख. मा छूट भएको–

(२) तामेली गर्न पठाइएको म्याद तामेलदारले बुझिलिएको मितिले बाटाका म्याद बाहेक पन्ध्र दिन भित्र तामेल गरी तामेली प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको अवधिभित्र म्याद तामेल गर्न नसकेको मनासिब कारण देखाउन नसकेमा त्यस्तो तामेलदार उपर प्रचलित कानून बमोजिम विभागीय कारवाही गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

228

(४) कुनै व्यक्तिका नाममा तामेल गर्नुपर्ने म्याद सूचना तामेल गर्न आवश्यकता अनुसार पक्षको सहयोग लिन सकिनेछ र यसरी सहयोग मागेमा म्याद तामेलीमा आवश्यक सहयोग पुन्याउनु सम्बन्धित पक्षको कर्तव्य हुनेछ ।"

सर्वोच्च अदालत ।

## भूलसुधार

खण्ड ४९ अतिरिक्ताङ्क २९ (क+१) मिति २०५६।४।२५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनामा "श्री ५ को सरकारले सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ३५ ले दिएको अधिकार प्रयोग गरी चिठ्ठा ऐन, २०२५ अन्तर्गत सजांय हुने मुद्दालाई सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा समावेश गरेको छ" भन्ने हुनुपर्नेमा अन्यथा हुन गएकोले भूलसुधार गरिएको छ ।

कानून तथा न्याय मन्त्रालय ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 232

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।